# विद्यालय शिक्षा विधेयकको सम्बन्धमा मन्त्रालयको तर्फबाट प्रस्तुत गर्नुपर्ने धारणा

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| १. | **<u>दफा २ मा,-</u>**<br>**<u>खण्ड (घ):</u>** "आधारभूत शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक बालविकास तथा शिक्षालाई समेत जनाउँछ ।<br>**<u>खण्ड (ङ):</u>** "प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले चार बर्ष उमेर पुरा भएको बालबालिकालाई कक्षा एकमा भर्ना हुनुभन्दा अगाडी दिईने एक बर्ष अवधिको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनुपर्छ । | **<u>दफा ३ मा,-</u>**<br>**<u>उपदफा (३):</u>** "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास तथा शिक्षा देखि कक्षा आठसम्मको शा सम्झनुपर्छ।<br>**<u>उपदफा (६):</u>** "प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि बालबालिकालाई दिईने सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास शिक्षा सम्झनुपर्छ। | विधेयकमा भएको व्यवस्था नै कायम हुनुपर्ने । |
| २. | **<u>दफा ४ मा,-</u>**<br>उपदफा (१): यो ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुनेछ । | | यो ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठी **<u>र कम्पनी</u>** अन्तर्गत स्थापना र सञ्चालन हुनेछ । |
| | | **<u>दफा ५:</u>** यो ऐन प्रारम्भ हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा नआएका विद्यालयको अनुमति स्वत: खारेज हुनेछ । | यो ऐन प्रारम्भ हुनुभन्दा अघि विद्यालयको स्थापना र सञ्चालन गर्न अनुमति प्राप्त गरेको भए तापनि यो ऐन |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | प्रारम्भ हुँदाका बखत सञ्चालनमा नआएका विद्यालय यो ऐन जारी भएपछिको पहिलो शैक्षिक सत्रबाट सञ्चालन नभए त्यस्तो अनुमति स्वत: खारेज हुनेछ । |
| ३. | दफा ५ मा,- | दफा ६,-<br>(२) उपदफा (१) बमोजिमको राष्ट्रिय मापदण्डमा देहायका विषयहरु समावेश हुनुपर्नेछः-<br>• विद्यालय सञ्चलानका लागि विद्यालयको नाममा वा भोगचलनको अधिकार भएको जग्गा जमिन,<br>• बालमैत्री, वातावरणमैत्री र अपाङ्गमैत्री विद्यालय भवन तथा पूर्वाधार,<br>• स्वच्छ हावा, प्रकाश, उपयुक्त फर्निचर सहितको कक्षाकोठा,<br>• छात्र, छात्रा र अपाङ्गतामैत्री अलग अलग शौचालय,<br>• सिकाई केन्द्रित शिक्षण सामाग्री तथा पुस्तकालय,<br>• विज्ञान प्रयोशाला र कम्प्युटर ल्याव<br>• कक्षागत र विषयगत शिक्षक,<br>• प्राथमिक स्वास्थ्य उपचार तथा परामर्श सेवा,<br>• सुरक्षित खानेपानी, प्रार्थनास्थल, खेलमैदान तथा पूर्वाधार,<br>• तोकिए बमोजिमका अन्य विषयहरु | राष्ट्रिय मापदण्डमा समावेश गर्ने विषयहरु कार्यकारी निर्णयबाट समयसापेक्ष रुपमा गर्दा उपयुक्त हुने देखिएको सन्दर्भमा विषयहरु ऐनमा समावेश नगरी नियमावली तथा मापदण्डबाट व्यवस्थित गर्न उपयुक्त हुने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| ४. | **दफा ७ मा,-**<br>**स्पष्टिकरण:** यस ऐन प्रयोजनको लागि परम्परागत शिक्षा भन्नाले संस्कृत धारमा पढाई हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, आश्रम तथा मदरसा लगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनुपर्छ । | **दफा ८ मा,-**<br>**स्पष्टिकरण:** यस ऐन प्रयोजनको लागि परम्परागत शिक्षा भन्नाले संस्कृत धारमा पढाई हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, आश्रम, **मुन्दुम, रैथाने प्रकृतिका सीप र कला** तथा मदरसा लगायतका परम्परागत शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनुपर्छ । | **मुन्दुम, रैथाने प्रकृतिका सीप र कला** भनेको शैक्षिक संस्था नभएको कारणले विधेयकमा रहेको स्पष्टिकरण खण्ड नै कायम गर्ने । |
| ५. | **दफा ८ मा,-**<br>**शिक्षणको माध्यमभाषा** | **दफा ९ मा,-**<br>(ख) अपाङ्गगता भएका बालबालिकाको लागि विषेश कक्षा सञ्चालन गर्दा ब्रेल लिपि वा सांकेतिक भाषामा अभ्यापन गराउने<br>(ग) कुनै विदेशीले नेपालको विद्यालयमा अध्ययन गर्दा राष्ट्रिय पाठ्यक्रममा आधारित अनिवार्य विषयहरु निर्धारित भाषामा अध्यापन गराउनुपर्ने । | (ख) आपाङ्गता भएका बालबालिकाको लागि अपाङ्गताको प्रकृति अनुसार उपयुक्त माध्यम वा भाषामा अध्यापन गराउने ।<br>(ग) हटाउने: पाठ्यक्रमले नै अध्यापनको भाषा निर्धारण गर्ने। |
| ६. | **दफा ९ मा,-**<br>उपदफा (१): यस ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा हर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्नेछ । | **दफा १० मा,-**<br>(१) ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम विद्यालयको स्थापनाको अनुमतिको लागि निवेदन दिनु अगावै गुठी दर्ता गर्ने निकायमा दर्ता हुनुपर्नेछ । | (१) ऐन बमोजिम शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले यस ऐन बमोजिम विद्यालयको |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | स्थापनाको अनुमतिको लागि निवेदन दिनु अगावै **<u>शिक्षा कार्यालयमा</u>** दर्ता हुनुपर्नेछ । |
| ७. | **<u>दफा १० मा,-</u>**<br>उपदफा (१): नेपालस्थित कुटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्नेछ । | **<u>दफा ११ मा,-</u>**<br>उपदफा (१): नेपालस्थित कुटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई **<u>मात्र</u>** आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्नेछ । | नेपालस्थित कुटनीतिक नियोगले विदेशी नागरिकका **<u>सन्तानलाई मात्र</u>** आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्नेछ । |
| | <u>उपदफा (३):</u>यो ऐन प्रारम्भ हुँदाका बखत कुटनीतिक नियोगबाट सञ्चालित विद्यालय र कुटनीतिक नियोगको सिफारिसमा मन्त्रालय वा नेपाल सरकारसँगको सम्झौता बमोजिम सञ्चालित विद्यालयले यसै ऐन बमोजिम अनुमति प्राप्त गरेको मानिनेछ । | | <u>उपदफा (३):</u>यो ऐन प्रारम्भ हुँदाका बखत कुटनीतिक नियोगबाट सञ्चालित विद्यालय र कुटनीतिक |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | नियोगको सिफारिसमा मन्त्रालय वा नेपाल सरकारसँगको सम्झौता बमोजिम सञ्चालित विद्यालयले यसै ऐन बमोजिम अनुमति प्राप्त गरेको मानिनेछ । **<u>तर यो ऐन जारी भएपछिको पहिलो शैक्षिक सत्र देखि त्यस्ता विद्यालयले नेपाली विद्यार्थी भर्ना लिन पाउने छैन तथा अध्ययनरत विद्यार्थीको अध्ययन पुरा गराउने प्रबन्ध गर्नुपर्नेछ।</u>** |
| ८. | **<u>दफा १२ मा,-</u>**<br>**<u>विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः</u>** (१) विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम जरिवर्तन गर्ने सम्बन्धी व्यवस्था विद्यालयको नक्साङ्कन तथा राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ। | **<u>दफा १२ मा,-</u>**<br>12. **<u>विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः</u>** (१) स्थानीय तहले देहायको अवस्था विद्यमान भएमा आफ्नो क्षेत्रभित्रका सार्वजनिक विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने निर्णय गर्न सक्नेछः- | यो दफा कार्यकारी निर्णयबाट कार्यान्वयन गर्न उपयुक्त हुने भएकोले विधेयकमा प्रस्तावित व्यवस्थामा देहाय बमोजिम संसोधन गरी अन्य प्रबन्ध यथावत राख्नेः- |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (२) यस दफा बमोजिमको विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने निर्णय गर्दा विद्यार्थीको पहुँच र भौगोलिक विकटता समेतलाई विचार गर्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम भए गरेको काम कारवाहीको जानकारी स्थानीय तहले राष्ट्रिय किताबखाना (शिक्षक) र शिक्षा विभागलाई दिनुपर्नेछ । | (क) भौगोलिक अवस्था र जनसङ्ख्याको अवस्थिति समेतको आधारमा तयार गरिएको विद्यालय नक्साङ्कन प्रतिवेदनमा विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्न उपयुक्त हुने सिफारिस भएमा,<br>(ख) तह अनुसारको कक्षामा तोकिए बमोजिमको कक्षागत विद्यार्थी संख्या नभएमा,<br>(ग) दुई विद्यालय वीचको दुरी आधारभूत तहको हकमा दुई किलोमिटर वा तीस मिनेटको पैदलदूरी भन्दा कम भएमा र माध्यमिक विद्यालयको हकमा पाँच किलोमिटर वा एक घण्टाको पैदलदुरी भन्दा कम भएमा,<br>(घ) विद्यालय वा विद्यालयको कुनै कक्षा वा तह सञ्चालन गर्नको लागि तोकिए बमोजिमको न्यूनतम पूर्वाधार पूरा नभएमा,<br>(ङ) सार्वजनिक विद्यालयहरुलाई एक आपसमा गाभी ठूला विद्यालय वा आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न उपयुक्त हुने देखिएमा,<br>स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "ठूला विद्यालय" भन्नाले दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत विद्यालय सम्झनुपर्छ । | • दफा शिर्षकमा रहेको तह भन्ने शब्दको पछि **वा कक्षा** भन्ने शब्दहरु थप्ने ।<br>• उपदफा (१) मा रहेको तह भन्ने शब्दको पछि **वा कक्षा** भन्ने शब्दहरु थप्ने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (च) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले विद्यालयको कार्य सम्पादन परीक्षण गर्दा विद्यालय गाभ्न, कक्षा वा तह घटाउन, समायोजन वा एकीकरण गर्न सिफारिस गरेमा।<br>(२) उपदफा (1) बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने निर्णय गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीको अध्ययनमा प्रतिकूल असर नपर्ने गरी र भौगोलिक विकटतालाई समेत विचार गरी निर्णय गर्नु पर्नेछ।<br>(३) तोकिएको अनुपातमा विद्यार्थी संख्या भए तापनि नजिक रहेका दुई विद्यालयमध्ये कुनै एकमा आधारभूत तह र अर्कोमा माध्यमिक तह मात्र सञ्चालन गर्ने गरी प्रबन्ध गर्न सकिनेछ ।<br>(४) विद्यालयको नामकरण वा नाम परिवर्तन गर्दा नेपालको प्राकृतिक, सांस्कृतिक स्थान, व्यक्ति वा स्मारकको नाम झल्कने गरी राख्नु पर्नेछ।<br>तर ऐतिहासिक व्यक्ति, स्मारक तथा राष्ट्रिय प्राकृतिक सम्पदाको नाममा नामकरण भएका विद्यालयको नाम परिवर्तन गरिनेछैन।<br>(५) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका कुनै विद्यालयको विदेशी व्यक्ति, संस्था, स्थान वा विदेशीपन झल्कने गरी नामकरण गरिएको भएमा यो ऐन | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | प्रारम्भ भएको मितिले तीन वर्षभित्र नेपालीपन झल्कने गरी विद्यालयको नाम परिवर्तन गर्नु पर्नेछ ।<br>(६) यस दफा बमोजिम विद्यालय स्थानान्तरण गर्ने, गाभ्ने, कक्षा वा तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने सम्बन्धी अन्य व्यवस्था यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।" | |
| ९. | **<u>दफा १५ मा,-</u>**<br>शुल्क: (१) सार्वजनिक विद्यालयले विद्यार्थी सँग शुल्क लिन पाउने छैन ।<br>(२) निजी लगानीका विद्यालयले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन सक्नेछन् । | **<u>दफा १५ मा,-</u>**<br>(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः<br>"(२) निजी लगानीका विद्यालयले विद्यालयको स्तर तथा शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र शुल्क लिन सक्नेछ ।"<br>(२)उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नेः-<br>"(३) उपदफा (२) बमोजिम निजी लगानीका विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अघि विद्यालयले लिने शुल्क सार्वजनिक गर्नु पर्नेछ।<br>(४) उपदफा (३) बमोजिम शुल्क सार्वजनिक नगर्ने विद्यालयलाई सम्बन्धित स्थानीय तहले सात दिनभित्र सार्वजनिक गर्न निर्देशन दिनेछ । | "(२) निजी लगानीका विद्यालयले विद्यालयको स्तर तथा शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा रही **<u>तोकिएको शुल्क निर्धारण समितिको सिफारिसमा</u>** स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र शुल्क लिन सक्नेछ । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (५) सम्बन्धित स्थानीय तहले शुल्क निर्धारण सम्बन्धी राष्ट्रिय मापदण्डको कार्यान्वयनको अवस्थाको अनुगमन गर्नेछ।" | |
| १०. | **दफा १६ मा,-**<br>**प्रधानाध्यापकः** (१) प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ।<br>(२) सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहनेछ र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्नेछ।<br>(३) उपदफा (२) बमोजिमको छनोट समितिले प्रधानाध्यापकको छनोट गर्दा देहाय बमोजिमका शिक्षकहरुमध्येबाट विद्यालय सञ्चालन तथा शैक्षिक गुणस्तर सुधार योजना समेतमा प्रस्तुति गर्न लगाई खुला प्रतिस्पर्धाका आधारमा छनोट गर्नु पर्नेछः-<br>(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहभित्रका माध्यमिक तहमा अध्यापन गर्ने स्थायी शिक्षकहरुमध्येबाट, र<br>(ख) आधारभूत विद्यालयको प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहभित्रका आधारभूत तहमा अध्यापन गर्ने स्थायी शिक्षकहरुमध्येबाट।<br>(४) उपदफा (२) बमोजिमको छनोट समितिले छनोट गरेको शिक्षकलाई सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले प्रधानाध्यापकमा काम काज गर्न तोक्नेछ। | "१६. **प्रधानाध्यापकः** (१) प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।<br>(२) उपदफा (१) बमोजिमको प्रधानाध्यापकको नियुक्तिको लागि आयोगले प्रत्येक शैक्षिक सत्रमा माग हुन आउने प्रधानाध्यापकको संख्याको आधारमा यस ऐन बमोजिम योग्यता भएका र आवधिक बढुवाका लागि योग्यता पुगेका आधारभूत तह र माध्यमिक तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट शैक्षिक र प्रशासकीय जिम्मेवारी लिन योग्य व्यक्तिको प्रतिस्पर्धाका आधारमा छनौट गरी आधारभूत विद्यालयको हकमा जिल्लागत र माध्यमिक विद्यालयको हकमा प्रदेशगत सूची तयार गर्नेछ ।<br>(३) सार्वजनिक विद्यालयमा प्रधानाध्यापक रिक्त भएमा उपदफा (२) बमोजिमको सूचीमध्येबाट विद्यालयमा अध्यापन गराउनुपर्ने विषय मिल्दो स्थायी शिक्षकलाई सिफारिस गर्न स्थानीय तहको शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्थानीय तहको प्रमुखले तोकेको एकजना शिक्षाविद् र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले तोकेको समितिको सदस्य रहेको सिफारिस समिति रहनेछ। | उपसमितिको प्रतिवेदनले प्रबन्ध गरेको छनौट सूचिबाट प्रधानाध्यापक छनौट गरी पदस्थापन गर्न विधेयकको दफा ४३ (शिक्षक दरबन्दी मिलान र हस्तान्तरण) र दफा ६० (सरुवा) बमोजिम जटिल हुने भएकोले प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारको हकमा उपसमितिको प्रतिवेदन बमोजिम हुने र अन्य व्यवस्था विधेयकमा प्रस्तावित व्यवस्था बमोजिम नै हुने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (५) यस दफा बमोजिम प्रधानाध्यापकको छनोट सम्बन्धी पाठ्यक्रम र अन्य मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ। | (४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको स्थायी शिक्षकलाई सम्बन्धित स्थानीय तहले प्रधानाध्यापक पदमा नियुक्ति गरी काममा लगाउनेछ।<br>तर सिफारिस भएको शिक्षक विद्यालय रहेको स्थानीय तहभन्दा वाहिरको विद्यालयमा कार्यरत भएमा दफा ६२ बमोजिम सरुवा हुने विद्यालयको रिक्त दरबन्दीमा सरूवा भई पदस्थापना भएपछि मात्र प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम सम्बन्धित स्थानीय तहले प्रधानाध्यापकलाई काममा लगाउनुभन्दा अघि निजसँग शैक्षिक गुणस्तर सुधार कार्ययोजना पेश गर्न लगाई कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।<br>(६) उपदफा (४) बमोजिम नियुक्त प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजक भएमा अर्को एक कार्यकालको लागि पुनः नियुक्ति गर्न सकिनेछ ।<br>(७) उपदफा (६) बमोजिम प्रधानाध्यापकको पदावधि समाप्त भएपछि निज सोही विद्यालयको शिक्षक पदमा स्वतः कायम हुनेछ ।<br>(८) यो ऐन प्रारम्भ हुँदाका बखत सम्बन्धित स्थानीय तहले कार्यसम्पादन सम्झौता गरी नियुक्त भएका | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | प्रधानाध्यापक त्यस्तो सम्झौताको अवधि कायम रहेसम्म प्रधानाध्यापकको रुपमा कामकाज गर्न यस दफाले वाधा पुऱ्याएको मानिनेछैन।<br>(९) उपदफा (६) बमोजिम प्रधानाध्यापक पुनः नियुक्ति हुन नसकेमा वा विद्यालयमा दरवन्दी रिक्त नभएको कारणले वा अन्य कुनै कारणले प्रधानाध्यापकको नियुक्ति हुन नसकेको वा नियुक्ति भएको प्रधानाध्यापक विद्यालयमा अनुपस्थित रहेको अवस्थामा विद्यालयमा भएका सबैभन्दा वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई दैनिक कामकाज गर्नेछ।<br>(१0) उपदफा (९) वमोजिम प्रधानाध्यापक रिक्त भएमा बढीमा छ महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ।<br>(११) यस दफा बमोजिम कार्यसम्पादन सम्झौता गरेका प्रधानाध्यापकले त्यस्तो सम्झौता बमोजिम काम नगरेमा वा खराव आचरण भएको पाइएमा स्थानीय तहले एक छानविन समिति गठन गर्न सक्नेछ र उक्त समितिले दिएको प्रतिवेदनको आधारमा निजलाई प्रधानाध्यापकको जिम्मेवारीवाट हटाउन सकिनेछ।<br>तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन । | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यार्थी संख्या, विद्यालयको तह र अन्य आवश्यकता हेरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैंले दायित्व वहन गर्ने गरी कुनै विद्यालयको लागि प्रधानाध्यापकको छुट्टै दरवन्दी सिर्जना गरेमा त्यस्तो दरबन्दीमा आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।<br>(१३) प्रधानाध्यापक छनौट, नियुक्ति तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"<br>**"१७. <u>प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालयको स्वीकृत शैक्षिक क्यालेण्डरको आधारमा विद्यार्थी भर्ना, पठन पाठन, परीक्षा र नतिजा प्रकाशन सम्बन्धी काम गर्ने, गराउने,<br>(ख) विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी सोको कार्यान्वयन गर्ने, गराउने,<br>(ग) शैक्षिक तथ्याङ्क नियमित रूपमा भर्ने, भराउने,<br>(घ) शिक्षकको कक्षा निरीक्षण गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने,<br>(ङ) शिक्षण सिकाई क्रियाकलापलाई बालमैत्री बनाउने, | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (च) विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी सिकाइ उपलब्धीको विवरण राख्ने व्यवस्था मिलाउने,<br>(छ) विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धीको विश्लेषण गरी सो को प्रतिवेदन स्थानीय तहमा पेश गर्ने,<br>(ज) शिक्षक तथा विद्यार्थीको आचार संहिता बनाई लागू गर्ने,<br>(झ) विद्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,<br>(ञ) विद्यालयको बेरूजु फर्स्यौट सम्बन्धी कार्य गर्ने,<br>(ट) गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,<br>(ठ) विद्यालयका चल अचल सम्पति, शिक्षक विद्यार्थी लगायतका अभिलेख सुरक्षित रूपमा राख्ने र राख्न लगाउने,<br>(ड) तोकिए बमोजिमका अन्य कार्यहरू। | |
| ११. | <u>**दफा १७ मा,-**</u><br><u>**विद्यालय व्यवस्थापन समितिः**</u> (१) प्रत्येक सार्वजनिक विद्यालयमा अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजिवी, शिक्षाप्रेमी तथा समाजसेवी मध्येबाट कम्तीमा दुई जना महिला समेत रहने गरी समावेशी सिद्धान्तको आधारमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ।<br>(२) उपदफा (१) मा उल्लिखित विद्यालय बाहेक अन्य विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन त्यस्तो विद्यालय सञ्चालन गर्ने | <u>**दफा १७ मा,-**</u><br>"(१) सार्वजनिक विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रत्येक सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी वा चन्दादाता र सम्बन्धित वडा | "(१) सार्वजनिक विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रत्येक सार्वजनिक विद्यालयमा अध्ययनरत |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | कम्पनीको प्रवन्धपत्र तथा नियमावली वा शैक्षिक गुठीको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।<br>सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको संयोजक र सदस्यहरुको छनोट तथा विद्यालय व्यवस्थापन समितिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम बमोजिम हुनेछ। | समितिले तोकेको एक जना वडा सदस्य समेत रहने गरी कम्तीमा दुई जना महिला सहित समावेशी सिद्धान्तको आधारमा आधारभूत तहको विद्यालयमा बढीमा सात जना र माध्यमिक विद्यालयमा बढीमा एघार जना रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।” | विद्यार्थीको अभिभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा **<u>एक जना शिक्षक प्रतिनिधि, प्रधानाध्यापक सदस्य-सचिव,</u>** सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा वसोवास गरेको बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी वा चन्दादाता र सम्बन्धित वडा समितिले तोकेको एक जना वडा सदस्य समेत रहने गरी कम्तीमा दुई जना महिला सहित समावेशी सिद्धान्तको आधारमा आधारभूत तहको विद्यालयमा |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | बढीमा सात जना र माध्यमिक विद्यालयमा बढीमा एघार जना रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।” |
| १२. | **<u>दफा २० मा,-</u>**<br>**<u>प्रारम्भिक बालविकास केन्द्रः</u>** (१) स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्नेछ।<br>(२) यो ऐन प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रलाई सम्बन्धित स्थानीय तहले प्रत्येक विद्यालयमा एकभन्दा बढी नहुने गरी समायोजन तथा पुनर्वितरण गर्न सक्नेछ।<br>ारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ।<br>पदफा (३) बमोजिम सहयोगी कार्यकर्ताको पारिश्रमिक श्रमसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुने गरी गर्नु पर्नेछ। | **<u>दफा २० मा,-</u>**<br>(१) उपदफा (१) मा रहेका “अधीनमा रही” भन्ने शब्दहरु पछि “बालबालिकामा सिकाईप्रति उत्सुकता र सकारात्मक सोचको विकास गर्न” भन्ने शब्दहरु थप्ने।<br>(२) उपदफा (२) मा रहेका “एक भन्दा बढी नहुने गरी” भन्ने शब्दहरुको सट्टामा “कम्तीमा एउटा रहने गरी” भन्ने शब्दहरु राख्ने ।<br>(३) उपदफा (२) पछि देहायको उपदफा (३), (४), (५) र (६) थपी उपदफाक्रम मिलाउनेः-<br>"(३) नेपाल सरकारले तोकेको मितिदेखि लागू हुनेगरी सार्वजनिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षालाई दुई वर्षे कार्यक्रमको रुपमा सञ्चालन गर्न सकिनेछ। | विधेयकमा प्रयुक्त शब्दावली **सहयोगी कार्यकर्ता**को सट्टा **बाल विकास सहजकर्ता** भन्ने शब्द राखी अन्य प्रावधान विधेयक बमोजिम नै हुने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (४) कुनै पनि विद्यालयले पूर्व प्राथमिक शिक्षालाई दुई वर्षभन्दा बढी अवधि हुनेगरी सञ्चालन गर्न पाउने छैन ।<br>स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “पूर्व प्राथमिक शिक्षा” भन्नाले आधारभूत तहको कक्षा एकमा भर्ना हुनुअघि दिइने शिक्षा सम्झनुपर्छ ।<br>(५) यो ऐन प्रारम्भ भएपछि बाल सहजकर्ताको रुपमा नियुक्ति हुन कम्तीमा कक्षा बाह्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।<br>(६) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने बाल सहजकर्ताले सेवा प्रारम्भ गर्नुअघि स्थानीय कानूनमा व्यवस्था भए बमोजिम सेवा प्रवेश तालिम लिनु पर्नेछ।”<br>(४) उपदफा (३) र (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) र (८) मा रहेका “सहयोगी कार्यकर्ताको” भन्ने शब्दहरुको सट्टा “बाल सहजकर्ताको” भन्ने शब्दहरु राख्ने ।<br>(५) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्नेः-<br>“(९) यो ऐन र प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिए तापनि प्रारम्भिक बालविकास तथा | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | शिक्षाको अनुभव नभएका बालबालिकालाई कक्षा एकमा भर्ना लिनबाट बञ्चित गर्न पाइनेछैन।" | |
| १३. | **दफा २१ मा,**<br>**शिक्षा विभागः** (१) विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न वा गराउन तथा विद्यालय शिक्षा सम्बन्धमा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा विभाग रहनेछ।<br>(२) शिक्षा विभागको प्रमुखको रूपमा महानिर्देशक रहनेछ।<br>(३) विभागको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | **दफा २० मा,-**<br>**२२. शिक्षा तथा मानवस्रोत विकास केन्द्रः** (१) विद्यालय शिक्षाको राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्न, प्रदेशको शिक्षा हेर्ने निकाय तथा स्थानीय तहसँग विद्यालय शिक्षाको सम्बन्धमा समन्वय तथा अन्य आवश्यक कार्य गर्न मन्त्रालय अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र रहनेछ।"<br>(२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको प्रमुख महानिर्देशक रहनेछ।"<br>**दफा २१ मा,-**<br>२३. **शिक्षा तथा मानवस्रोत विकास केन्द्रको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शिक्षा तथा मानवस्रोत विकास केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय नीति, योजना र मापदण्ड कार्यान्वयन गर्ने गराउने,<br>(ख) विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्कको संकलन र व्यवस्थापन गर्ने, | मुलतः कानूनको कार्यान्वयन गर्ने निकाय विभाग हुने भएकोले उपसमितिको प्रतिवेदनमा रहेको **शिक्षा तथा मानव विकास स्रोत केन्द्र**को सट्टा **शिक्षा विभाग** राख्ने। शिक्षा विभागको **काम**, **कर्तव्य र अधिकारको** हकमा उपसमितिको प्रतिवेदनको दफा २१ बमोजिम हुने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (ग) शिक्षक तथा शिक्षा सेवाका कर्मचारीको तालीम तथा पेशागत विकासका लागि प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरी पाठ्यक्रम निर्माण लगायतका कार्य गर्ने,<br>(घ) विद्यालय शिक्षा सम्बन्धी प्रदेश र स्थानीय तहबाट निर्माण हुने योजनामा सहजीकरण गर्ने,<br>(ङ) सशर्त अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट सञ्चालित वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा र कार्यान्वयनको एकीकृत प्रतिवेदन तयार गर्ने,<br>(च) विद्यालय शिक्षाका सम्बन्धमा प्रदेशको शिक्षा हेर्ने निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,<br>(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने । | |
| १४. | <u>**दफा २२ मा,-**</u><br><u>**शिक्षा कार्यालयः**</u> (१) प्रत्येक जिल्लामा शिक्षा कार्यालय रहनेछ।<br>(२) उपदफा (१) बमोजिमको शिक्षा कार्यालयको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-<br>(क) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,<br>(ख) विद्यालय नक्साङ्कन सम्बन्धी काम गर्ने,<br>(ग) विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन सम्बन्धी कार्यको सहजीकरण गर्ने,<br>(घ) जिल्लाको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने,<br>(ङ) विद्यालय शिक्षामा कार्यरत शिक्षक तथा अन्य जनशक्तिको क्षमता विकास सम्बन्धी कार्य गर्ने, | जिल्ला शिक्षा कार्यालयको व्यवस्था खारेज । | शिक्षा तीनै तहको साझा अधिकार सूचीमा रहेको र संघ, प्रदेश र स्थानीय तह बीच कार्यगत एकरुपता कायम गर्नुपर्ने भएकोले विधेयकको दफा २२ को व्यवस्था अनुसार नै **शिक्षा कार्यालय** सम्वन्धी प्रावधान कायम राख्ने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (च) सार्वजनिक विद्यालयको सम्पत्तिको अभिलेख राख्ने,<br>(छ) स्थानीय तहसँग समन्वय गरी सार्वजनिक विद्यालय, शिक्षक तथा विद्यार्थीको अनुगमन तथा सुपरीवेक्षण गर्ने,<br>(ज) मूल्याङ्कनबाट उत्कृष्ट देखिएका शिक्षक तथा विद्यालयलाई पुरस्कार तथा प्रोत्साहनको सिफारिस गर्ने,<br>(झ) नेपाल सरकार, प्रदेश सरकार, बोर्ड र आयोगले तोकेका अन्य कार्य गर्ने।<br>(३) शिक्षा कार्यालयमा सङ्घीय निजामती सेवाका कर्मचारी रहनेछन्।<br>(४) उपदफा (2) बमोजिमको काम कारबाही गर्दा शिक्षा कार्यालयले प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयसँग समन्वय गर्नु पर्नेछ। | | |
| १५. | <u>**दफा २६ मा,-**</u><br><u>**शैक्षिक गुणस्तर परीक्षण केन्द्र:**</u> (१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ।<br>(२) उपदफा (1) बमोजिमको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षण, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धिको परीक्षण गरी प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।<br>(3) विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सार्वजनिक गरेको विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन समेतलाई आधार मान्नु पर्नेछ। | <u>**दफा २४ मा,-**</u><br>**शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण:** (1) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक निर्धारण, मापदण्डको विकास, विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण तथा विद्यालय शिक्षासँग सम्बन्धित निकाय र विद्यालयको कार्यसम्पादन परीक्षण गर्न एक शैक्षिक गुणस्तर परीक्षण प्राधिकरण रहनेछ ।<br>(२) उपदफा (1) बमोजिमको प्राधिकरणमा नेपाल सरकारले नियुक्त गरेको एक जना प्रमुख शिक्षा परीक्षक रहनेछ ।<br>"(३) उपदफा (२) बमोजिम प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि उपयुक्त व्यक्ति सिफारिस गर्न नेपाल | उपसमितिले प्राधिकरणको अवधारणा अघि सारेको, प्राधिकरणको अवधारणाले ठूलो संरचना, स्रोत साधन र स्वायत्तता समेत माग गर्ने सन्दर्भमा **शैक्षिक गुणस्तर परीक्षण केन्द्र** नै कायम गरी **काम**, **कर्तव्य र अधिकार**का हकमा उपसमितिको प्रतिवेदनको दफा २५ बमोजिम हुने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | सरकारले लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा लोक सेवा आयोगले तोकेको एक जना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ र सो समितिले उपदफा (५) बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट प्रमुख शिक्षा परीक्षकको लागि उपयुक्त व्यक्तिको सिफारिस गर्नेछ ।<br>(४) उपदफा (३) को प्रयोजनको लागि सिफारिस समितिले आवेदन पेश गर्न कम्तीमा सात दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।<br>(५) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको योग्यता देहाय बमोजिम हुनेछः-<br>(क) नेपाली नगारिक,<br>(ख) पैतिस वर्ष उमेर पुरा भएको र साठी वर्ष ननाघेको,<br>(ग) प्रमुख शिक्षा परीक्षकको नियुक्तिको लागि मान्यताप्राप्त विश्वविद्यालयबाट विद्यावारिधीको उपाधि प्राप्त गरेको र परीक्षा तथा मूल्याङ्कनको क्षेत्रमा कम्तीमा दश वर्षको प्राध्यापन वा कार्य अनुभव भएको,<br>(घ) सार्वजनिक पदमा नियुक्तिका लागि प्रचलित कानून बमोजिम अयोग्य नरहेको,<br>(ङ) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा सोको लागि आवेदन नगरेको । | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (६) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको छनोट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।<br>(७) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पदावधि चार बर्षको हुनेछ।<br>(८) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको प्रमुख शिक्षा परीक्षकको पारिश्रमिक शर्त र सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।<br>(१०) शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणमा आवश्यक कर्मचारी मन्त्रालयले खटाउनेछ।<br><u>**दफा २५ मा,-**</u><br>"२८. **शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः<br>(क) शैक्षिक गुणस्तर परीक्षणको मानक तथा मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,<br>(ख) विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना र त्यसका अपेक्षित सक्षमतालाई आधार मानी आवधिक रूपमा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धी परीक्षण गर्ने, | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (ग) विद्यालय तथा अन्य शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण गर्ने,<br>(घ) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा समावेश भएका विषयवस्तु व्यावसायिक, व्यावहारिक, जीवन उपयोगी, नैतिक मूल्य मान्यतामा आधारित र सिपमूलक भए नभएको परीक्षण गर्ने, गराउने<br>(ङ) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने,<br>(च) विद्यालय शिक्षाको गुणस्तर परीक्षणका लागि प्रचलित कानूनको अधीनमा रही विज्ञको सेवा लिन सक्ने,<br>(छ) प्राधिकरणले सम्पादन गरेका मुख्य मुख्य कार्य समेटी तयार गरिएको वार्षिक प्रतिवदेन मन्त्रालयमा पेश गर्ने ।<br>(२) मन्त्रालयले विद्यालय शिक्षाको गुणस्तर सुधार सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गर्दा शैक्षिक गुणस्तर परीक्षण प्राधिकरणले दिएको उपदफा (१) को खण्ड (च) बमोजिमको वार्षिक प्रतिवेदन समेतलाई आधार मान्नु पर्नेछ।” | |
| १६. | **<u>दफा २७ मा,-</u>** | उपदफा (२) मा रहेका “मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको” भन्ने शब्दहरु झिक्ने। | कक्षा दश उतीर्ण पश्चात् शिक्षाका विभिन्न धारमा |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | **<u>परीक्षा सञ्चालन तथा व्यवस्थापनः</u>** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ।<br>(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको मूल विषयको प्रश्नपत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको प्रश्नपत्र स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही निर्माण गर्नेछ। | | अध्ययन गर्न सक्ने भएकोले परीक्षा प्राणाली र मूल्याङ्कन मापदण्डमा एकरुपता कायम गर्न दफा २७ को उपदफा (क) पछि देहायको उपदफा (२) र (३) थपी दफा क्रम मिलाउने र विधेयकको दफा (२) दफाक्रम मिलाउँदा हुने दफा (४) यथावत् राख्ने:-<br>(२) माध्यमिक शिक्षा (कक्षा दश) को अन्तिम परीक्षा (एस ई ई) प्रदेश स्तरमा हुनेछ।<br>(३) उपदफा (२) बमोजिमको परीक्षा बोर्डको समन्वय र सम्बन्धित शिक्षा कार्यालयको संयोजनमा सञ्चालन हुनेछ। |
| १७. | **<u>दफा २८ मा,-</u>** | **<u>दफा २७ मा,-</u>** | उपसमितिको प्रतिवेदन अनुसार कायम भएको |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | **बोर्डको गठनः** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर नियन्त्रणको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहनेछ।<br>(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-<br>(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षा सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति - अध्यक्ष<br>(ख) सचिव, मन्त्रालय - उपाध्यक्ष<br>(ग) सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय - सदस्य<br>(घ) महानिर्देशक, शिक्षा विभाग - सदस्य<br>(ङ) प्रमुख, पाठ्यक्रम विकास केन्द्र - सदस्य<br>(च) प्रशासकीय प्रमुख, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य<br>(छ) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय - सदस्य<br>(ज) सार्वजनिक तथा निजी लगानीका माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य<br>(झ) शिक्षा प्रशासन वा प्राध्यापन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरी परीक्षा सम्बन्धी विशेषज्ञता हासिल गरेका व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य | "**३०. बोर्डको गठनः** (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर व्यवस्थापनको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परीक्षा बोर्ड रहनेछ।<br>(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-<br>(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति- अध्यक्ष<br>(ख) सहसचिव (विद्यालय शिक्षा हेर्ने), मन्त्रालय- सदस्य<br>(ग) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र- सदस्य<br>(घ) महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र- सदस्य<br>(ङ) प्रशासकीय प्रमुख, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्- सदस्य<br>(च) परीक्षा नियन्त्रक, त्रिभुवन विश्वविद्यालय- सदस्य | दफा ३० (विधेयकको दफा २८) को उपदफा (२) मा,-<br>क. खण्ड (छ) मा भएको **छ जना** भन्ने शब्दहरुको सट्टा **पाँच जना** भन्ने शब्दहरु राख्ने।<br>ख. खण्ड (छ) पछि देहायको खण्ड (ज) थपी खण्डक्रम मिलाउने<br>**(ज) नेपाल शिक्षक महासंघको अध्यक्ष - सदस्य**<br>उपदफा (५) मा,-खण्ड (घ) को **भई साठी बर्ष ननाघेको** भन्ने शब्दहरुको सट्टा **भएको** भन्ने शब्द राख्ने ।<br>उपदफा (९) मा,-<br>**निलम्बनमा परेमा** भन्ने शब्दहरुको पछि **,पैसठ्ठी बर्ष उमेर पुरा** |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (ञ) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठतम् अधिकृतमध्येबाट मन्त्रालयले तोकेको अधिकृत- सदस्य सचिव<br><br>(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि राष्ट्रिय योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा मन्त्रालयको सचिव र ख्यातिप्राप्त शिक्षाविदहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना महिला सहितको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ।<br>(४) बोर्डको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र मनोनीत सदस्य पुनः एक पटक मनोनीत हुन सक्नेछ।<br>(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा अध्यक्षको हकमा नेपाल सरकारले र मनोनीत सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।<br>तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।<br>(६) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको बोर्डको अध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।<br>(७) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। | (छ) माध्यामिक तहको विशिष्ठ श्रेणीको अनुभव भएको वा प्राध्यापन क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त गरेको वा परीक्षा र मूल्याङ्कन सम्बन्धी कार्यमा विशेषज्ञता हासिल गरेको व्यक्ति मध्येबाट विषयगत प्रतिनिधित्व हुनेगरी समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित छ जना- सदस्य<br>(ज) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको वरिष्ठतम् अधिकृतमध्येबाट मन्त्रालयले तोकेको अधिकृत- सदस्य सचिव<br>(३) बोर्डको अध्यक्षको नियुक्तिको लागि लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्यको संयोजकत्वमा मन्त्रालयको सचिव र परीक्षा तथा मूल्याङ्कन सम्बन्धी विशेषज्ञता हासिल गरेका व्यक्तिमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला सहितको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ । | **भएमा** भन्ने शब्दहरु राख्ने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (५) बमोजिमको योग्यता भएका व्यक्तिमध्येबाट उपयुक्त व्यक्ति बोर्डको अध्यक्षको पदको लागि सिफारिस गर्नेछ । त्यसरी सिफारिस भई आएका व्यक्तिलाई नेपाल सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्नेछ।<br>(५) अध्यक्ष पदमा नियुक्तिका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः-<br>(क) नेपाली नागरिक,<br>(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,<br>(ग) शिक्षा प्रशासन वा परीक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,<br>(घ) पैंतिस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,<br>(ङ) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,<br>(च) स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन नगरेको, | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (६) उपदफा (३) बमोजिमको सिफारिस समितिले उम्मेदवार छनौट गर्दा अवलम्बन गर्ने कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ । (७) बोर्डको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा अर्को एक कार्यकालको लागि पुनः नियुक्ति वा मनोनयन हुन सक्नेछ। (८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा परीक्षाको मर्यादा विपरित कार्य गरेमा अध्यक्षको हकमा नेपाल सरकारले र मनोनीत सदस्यको हकमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। (९) बोर्डको अध्यक्ष निलम्वनमा परेमा वा कुनै कारणले निजको पद रिक्त भएमा सो अवधिमा मन्त्रालयको सचिवले बोर्डको कार्यवाहक अध्यक्षको रुपमा कार्य गर्नेछ र निजले यस ऐन बमोजिम अध्यक्षलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ। | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (१०) उपदफा (७) बमोजिमको पदावधि समाप्त भएमा वा अन्य कुनै कारणले अध्यक्षको पद रिक्त भएमा तीन महिनाभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी अध्यक्ष नियुक्ति गर्नुपर्नेछ।<br>(११) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको बोर्डको अध्यक्ष र सदस्य यसै ऐन बमोजिम नियुक्ति भएको मानिनेछ र निज नियुक्ति हुँदाका बखत तोकेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्नेछ।<br>(१२) बोर्डको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ। | |
| १८. | | **<u>दफा २८ मा,</u>**<br>खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ) र (ज) थपी खण्डक्रम मिलाउनेः-<br>(च) अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गताको प्रकृति अनुसार विशेष किसिमको परीक्षा प्रणालीको अवलम्बन गर्ने,<br>(छ) काबु बाहिरको परिस्थिति परी परीक्षाबाट बञ्चित हुने अवस्थामा रहेको विद्यार्थीको लागि उपयुक्त व्यवस्था मिलाउने,<br>(ज) परीक्षा प्रणालीलाई व्यवस्थित र मर्यादित बनाउन क्यालेण्डर प्रणाली लागू गर्ने, | खण्ड (छ) हटाउने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| १९. | **दफा ३८ मा,-**<br>**वार्षिक प्रतिवेदन पेस गर्नेः** बोर्डले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ। | **दफा ३२ मा,**<br>**४०. वार्षिक प्रतिवेदन पेस गर्ने:** (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरण संलग्न गर्नुपर्नेछः<br>(क) सिकाई उपलब्धीको अवस्था खुल्नेगरी राष्ट्रिय, प्रादेशिक, स्थानीय तहमा विषयगत नतिजाको अवस्था र पछिल्लो तीन वर्षको तुलनात्मक विवरण,<br>(ख) माध्यामिक तहको अन्तिम परीक्षामा संलग्न परीक्षार्थी र उत्तीर्ण परीक्षार्थीको विवरण,<br>(ग) परीक्षाको मर्यादा विपरीत भएको कारवाहीको विवरण,<br>(घ) बोर्डले वर्षभरी गरेका मुख्य मुख्य कार्यको विवरण ।<br>(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयले संघीय संसदको दुवै सदनको शिक्षा हेर्ने समितिमा पेश गर्नुपर्नेछ । | संसदीय समितिले जुनसुकै बेला मन्त्रालयसँग उक्त दस्तावेज माग्न सक्ने अधिकार भएकोले प्रतिवेदन बुझाउने व्यवस्था राख्न उपयुक्त नदेखिएकोले उपसमितिको प्रतिवेदनको दफा ३ हटाउने । |
| २०. | **दफा ३९ मा,-** | **दफा ३३ मा,-** | उपसमितिको प्रतिवेदनको दफा ३३ |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | **<u>विद्यालय शिक्षक सेवाको गठनः</u>** (१) सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन गरिएको छ।<br>(२) उपदफा (१) बमोजिमको विद्यालय शिक्षक सेवाभित्र देहायका तहहरू रहनेछन्:-<br>(क) आधारभूत तह, र<br>(ख) माध्यमिक तह।<br>(३) उपदफा (२) को खण्ड (क) बमोजिमको आधारभूत तहलाई देहाय बमोजिम विभाजन गरिएको छः-<br>(क) कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र<br>(ख) कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत। | उपदफा (३) को,-<br>(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः<br>"(क) कक्षा तीनसम्म अध्यापन गर्ने कक्षागत शिक्षकलाई कक्षागत, र"<br>(ख) खण्ड (ख) मा रहेका "कक्षा ६" भन्ने शब्द र अंकहरुको सट्टा "कक्षा चार" भन्ने शब्दहरु राख्ने।<br>उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थप गर्नेः-<br>"(४) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकले कक्षा पाँचसम्म अध्यापन गर्न बाधा पर्नेछैन ।<br>(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कक्षागत शिक्षकले कक्षागत विद्यार्थी संख्याको आधारमा बहुकक्षा शिक्षण गर्नुपर्नेछ ।"<br>(६) यो ऐन प्रारम्भ हुँदाका बखत प्राथमिक शिक्षकको रुपमा कार्यरत शिक्षकलाई तोकिए बमोजिमको प्रकृया अपनाई मन्त्रालयले कक्षागत वा विषयगत शिक्षकको रुपमा रुपान्तरण गर्नेछ ।" | ले कक्षा ३ सम्म अध्यापन गर्ने कक्षागत शिक्षकलाई कक्षागत र कक्षा ४ देखि कक्षा ८ सम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत शिक्षक हुने गरी गरेको प्रबन्धबाट हाल कार्यरत शिक्षकहरुको व्यस्थापन जटिल हुने तथा शिक्षक व्यवस्थापन मूलत: कार्यकारी प्रकृतिको भएको सन्दर्भमा विधेयकमा प्रस्तावित व्यवस्था नै उपयुक्त हुने । |
| २१. | **<u>दफा ४३ मा,-</u>**<br>**<u>शिक्षक दरबन्दी मिलान तथा हस्तान्तरणः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई | **<u>दफा ३५ मा,-</u>**<br>**(१)** दफा शीर्षकको शुरुमा "शिक्षक र" भन्ने शब्दहरु राख्ने।<br>**(२)** उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः- | (१) दफा शिर्षक र यस दफामा रहेको **हस्तान्तरण** भन्ने |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्नेछ।<br>(२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले प्रत्येक स्थानीय तहसँग सम्बन्धित स्थानीय तहभित्रका विद्यालय, विद्यालयमा कार्यरत शिक्षक तथा स्वीकृत दरबन्दीको विवरण माग गर्नेछ।<br>(3) उपदफा (2) बमोजिम माग भएको विवरण सम्बन्धित स्थानीय तहले पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।<br>(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछन्।<br>(५) उपदफा (४) बमोजिम परिणत भएको दरबन्दीमा आयोगको सिफारिसमा स्थानीय तहले पदपूर्ति गर्नेछ।<br>(६) यस ऐन बमोजिम हस्तान्तरण भएका शिक्षक कुनै कारणले सेवाबाट अलग भएमा यस ऐनको अधीनमा रही निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ। त्यस्तो रकम उपलब्ध गराउँदा निज बहाल रहेको सेवा शर्त सम्बन्धी तत्काल प्रचलित कानून बमोजिम पाउने सुविधाभन्दा घटी नहुने गरी उपलब्ध गराइनेछ।<br>तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको शिक्षकलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिइने छैन।<br>(७) यस दफा बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण भएका शिक्षकलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयको आवश्यकताका आधारमा पुनर्वितरण गरी पठनपाठनलाई व्यवस्थित गर्न सक्नेछ। | "(१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक र शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, शिक्षक विद्यार्थी अनुपातको राष्ट्रिय औसत, विषयगत तथा कक्षागत आवश्यकता, भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्नेछ।"<br>(३) उपदफा (२) मा रहेको "गर्नेछ " भन्ने शब्दपछि "र सम्बन्धित स्थानीय तहले त्यस्तो विवरण पन्ध्र दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।" भन्ने वाक्यांश राख्ने।<br>(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-<br>"(३) उपदफा (२) को अतिरिक्त स्थानीय तहलाई विद्यालयको नक्साङ्कन गरी सोही आधारमा विद्यालयलाई एकापसमा गाभ्न, तह वा कक्षा घटाउन वा समायोजन गर्न मन्त्रालयले लेखी पठाउनेछ।स्थानीय तहले त्यसरी लेखी आएको तीन महिनाभित्र नक्साङ्कनको काम सम्पन्न गरी सोको प्रतिवेदन सहितको विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।"<br>(५) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउनेः- | शब्दको सट्टा **व्यवस्थापन** भन्ने शब्द राख्ने।<br>(२) उपसमितिको प्रतिवेदनको दफा ३५ को उपदफा (२) मा रहेका **भौगोलिक अवस्था** भन्ने शब्दहरुको पछि **,लागत** भन्ने शब्द थप गर्ने ।<br>(३) समितिको प्रतिवेदनको दफा ३५ मा,-<br>उपदफा (४) र उपदफा (५) हटाउने ।<br>(४) विधेयकको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने<br>(५) उपदफा (४) बमोजिम परिणत भएका दरबन्दी मध्ये दफा ४६(उपसमितिको प्रतिवेदन) को उपदफा (४) बमोजिम कायम |

<table>
<tr><th>सि.नं.</th><th>विधेयकको व्यवस्था</th><th>उपसमितिको प्रतिवेदन</th><th>मन्त्रालयको धारणा</th></tr>
<tr><td></td><td>(४) यस दफा बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण भएका शिक्षकको सेवा अवधि गणना गर्दा दरबन्दी मिलान तथा हस्तान्तरण हुनु अघि निज स्थायी शिक्षक भए शत प्रतिशत र अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा रही स्थायी भएकोमा वा राहत अनुदान कोटाको शिक्षक स्थायी भएकोमा त्यस्तो अस्थायी, करार वा राहत अनुदान कोटामा अविच्छिन्न सेवा गरेको अवधिको पचास प्रतिशत सेवा अवधि स्थायी सेवामा जोडिनेछ र त्यस्तो जोडिने सेवा अवधि बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको प्रयोजनका लागि गणना गरिनेछ।<br>तर अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा वा राहत अनुदान कोटामा कार्यरत शिक्षकको हकमा कम्तीमा एक वर्ष अविच्छिन्न अध्यापन नगरेको भएमा त्यस्तो सेवा अवधि गणना गरिने छैन।<br>(९) यो ऐन प्रारम्भ भएपछि रिक्त हुन आउने शिक्षक दरबन्दीको पदपूर्ति आयोगको सिफारिसमा स्थानीय तहले गर्नेछ।</td><td>“(५) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएका शिक्षकलाई स्थानीय तहले विद्यालयमा पदस्थापना गर्नेछ ।“</td><td>हुने चालिस प्रतिशत दरबन्दी र दफा (५) बमोजिम पुर्ति हुन नसकेका दरबन्दीलाई दफा ४३ (१) (उपसमितिको प्रतिवेदनको दफा ३५ (२)) को आधारमा आधारभूत तह विषयगत र माध्यमिक तहमा रुपान्तरण गरिनेछ।</td></tr>
<tr><td>२२.</td><td><u>दफा ४४ मा,-</u><br><u>विद्यालय शिक्षक सेवाको पदपूर्तिः</u> (१) विद्यालय शिक्षक सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-<br>(क) आधारभूत तहः साधारण तथा विषयगत शिक्षक
<table>
<tr><th>श्रेणी</th><th>खुला प्रतियोगितादवारा</th><th>आन्तरिक प्रतियोगितादवारा</th><th>कार्यक्षमताको मूल्याङ्कनदवारा</th><th>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनदवारा</th></tr>
<tr><td>तृतीय</td><td>१०० प्रतिशत</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>द्वितीय</td><td>-</td><td>२० प्रतिशत</td><td>६० प्रतिशत</td><td>२० प्रतिशत</td></tr>
<tr><td>प्रथम</td><td>-</td><td>२० प्रतिशत</td><td>६० प्रतिशत</td><td>२० प्रतिशत</td></tr>
</table>
(ख) माध्यमिक तह: कक्षा नौदेखि बाहसम्मका लागि विषयगत शिक्षक</td><td><u>दफा ३६ मा,-</u><br><u>विद्यालय शिक्षकको पदपूर्ति</u>: (१) विद्यालय शिक्षक सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-<br>(क) आधारभूत तह: कक्षागत तथा विषयगत शिक्षक
<table>
<tr><th rowspan="2">श्रेणी</th><th rowspan="2">खुला प्रतियोगितादवारा</th><th colspan="2">बढुवादवारा</th></tr>
<tr><th>आन्तरिक प्रतियोगिता</th><th>आवधिक</th></tr>
<tr><td>तृतीय</td><td>१०० प्रतिशत</td><td>-</td><td>-</td></tr>
<tr><td>द्वितीय</td><td>-</td><td>२० प्रतिशत</td><td>८० प्रतिशत</td></tr>
<tr><td>प्रथम</td><td>-</td><td>१० प्रतिशत</td><td>९० प्रतिशत</td></tr>
</table>
(ख) माध्यमिक तह: विषयगत शिक्षक
<table>
<tr><th rowspan="2">श्रेणी</th><th rowspan="2">खुला प्रतियोगितादवारा</th><th colspan="2">बढुवादवारा</th></tr>
<tr><th>आन्तरिक प्रतियोगिता</th><th>आवधिक</th></tr>
</table></td><td>उपसमितिको प्रतिवेदनको दफा ३६ मा,-<br>-उपदफा (१) को खण्ड (क) र (ख) मा भएको आवधिक बढुवा भन्ने शब्दहरुको सट्टा जेष्ठता तथा कार्यसम्पादन भन्ने शब्दहरु राख्ने।<br>-उपदफा (३) को भाग लिन भन्ने शब्दहरुको</td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>विधेयकको व्यवस्था</th><th>उपसमितिको प्रतिवेदन</th><th>मन्त्रालयको धारणा</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>श्रेणी</td><td>खुला प्रतियोगिताद्वारा</td><td>आन्तरिक प्रतियोगिताद्वारा</td><td>कार्यक्षमताको मूल्याङ्कनद्वारा</td><td>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा</td></tr>
<tr><td>तृतीय</td><td>७० प्रतिशत</td><td>३० प्रतिशत</td><td>-</td><td>-</td></tr>
<tr><td>द्वितीय</td><td>३० प्रतिशत</td><td>२० प्रतिशत</td><td>३० प्रतिशत</td><td>२० प्रतिशत</td></tr>
<tr><td>प्रथम</td><td>-</td><td>२० प्रतिशत</td><td>५० प्रतिशत</td><td>३० प्रतिशत</td></tr>
</table>
(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षामा भाग लिन उमेर हद लाग्ने छैन।
(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४3 को उपदफा (४) बमोजिम कायम भएको कुल दरबन्दीको पचास प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरुमध्येबाट सीमित प्रतिस्पर्धाका आधारमा र बाँकी पचास प्रतिशत सिटमा खुला प्रतियोगिताका आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ।
(4) उपदफा (3) बमोजिम राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका लागि छुट्याइएको पचास प्रतिशत सिटमा सो वर्षको विज्ञापनमा पदपूर्ति हुन नसकेमा अर्को वर्ष खुला प्रतियोगिताको आधारमा हुने विज्ञापनबाट बाँकी सिटमा पूर्ति गरिनेछ।
(५) उपदफा (3) बमोजिमको सीमिति प्रतिस्पर्धामा अनुतिर्ण हुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक
</td><td>
<table>
<tr><td>तृतीय</td><td>८० प्रतिशत</td><td>२० प्रतिशत</td><td>-</td></tr>
<tr><td>द्वितीय</td><td>-</td><td>२० प्रतिशत</td><td>८० प्रतिशत</td></tr>
<tr><td>प्रथम</td><td>-</td><td>१० प्रतिशत</td><td>९० प्रतिशत</td></tr>
</table>
(२) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) को खण्ड (क) र खण्ड (ख) बमोजिमको पदमा पदपूर्ति गर्ने प्रयोजनको लागि विद्यालयमा कायम रहेको दरबन्दीलाई तृतीय, द्वितीय र प्रथम श्रेणीको श्रेणीगत अनुपात १८:६:१ (अठार:छ:एक) को आधारमा दरबन्दी कायम गरिनेछ।
तर यो ऐन प्रारम्भ हुँदाका बखत द्वितीय र प्रथम श्रेणीमा सो अनुपात भन्दा बढी शिक्षक कार्यरत रहेको भएमा निजहरुको सेवा अवधि बाँकी रहेसम्म सो पदमा रहन यस दफाले बाधा पुर्‍याएको मानिने छैन।
(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि उपदफा (४) बमोजिमको शिक्षक सेवाबाट पहिलो पटक सञ्चालन हुने परीक्षामा भाग लिन उमेरको हद लाग्ने छैन।
(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४५ को उपदफा (४) बमोजिम कायम भएको दरबन्दी र कक्षा एघार र बाह्रको स्वीकृत दरबन्दी सहित
</td><td>पछि दफा ५० को उपदफा (१) को खण्ड (ख) बमोजिमको शैक्षिक योग्यता र भन्ने शब्दहरु राख्ने।</td></tr>
</table>

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | तथा प्रशिक्षकले निजले गरेको सेवा अवधिको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आर्थिक सुविधा प्राप्त गर्न सक्नेछ ।<br>(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार र बाह्रमा अध्यापन गरिरहेका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि आयोगबाट लिइने माध्यमिक तहको तृतीय र द्वितीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन।<br>(७) उपदफा (१) को खण्ड (क) को आधारभूत तहको विषयगततर्फ द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र दफा ६3 बमोजिम सेवा अवधि पूरा गरेका आधारभूत तहमा कार्यरत एक श्रेणी मुनिका स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।<br>(८) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तह द्वितीय श्रेणीको खुला प्रतियोगिताबाट पूर्ति हुने पदमा कम्तीमा माध्यमिक तहको तृतीय श्रेणी वा सो सरहको शिक्षक पदमा पाँच वर्ष अध्यापन गरेको शिक्षकहरुमध्येबाट प्रतिस्पर्धाको आधारमा पदपूर्ति गरिनेछ।<br>तर त्यस्तो शिक्षकले कुनै विद्यालयमा एक बर्षभन्दा कम अवधि अध्यापन गरेको भएमा त्यस्तो सेवा अवधि गणना गरिने छैन।<br>(९) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने तीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र दफा ६3 बमोजिम सेवा अवधि पूरा गरेका आधारभूत तहमा कार्यरत स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।<br>(१०) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको प्रथम र द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र दफा ६3 | कुल दरबन्दीको साठी प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाका बखत राहत शिक्षक, अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षक र कक्षा एघार र कक्षा बाह्रको स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी शिक्षकहरु मध्येबाट सीमित प्रतिस्पर्धाको आधारमा र बाँकी चालिस प्रतिशत सिटमा खुला प्रतियोगिताको आधारमा परीक्षा लिई आयोगको सिफारिसमा पदपूर्ति गरिनेछ ।<br>(5) उपदफा (४) बमोजिम राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटाका लागि छुट्याइएको साठी प्रतिशत सिटमा सो वर्षको विज्ञापनमा सीमित प्रतिस्पर्धाको आधारमा पदपूर्ति हुन नसकेमा सोही वर्षको खुलातर्फको विज्ञापनबाट पूर्ति गरिनेछ ।<br>(6) उपदफा (४) बमोजिमको सीमित प्रतिस्पर्धामा अनुत्तीर्ण हुने राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकले निजले गरेको सेवा अवधिको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आर्थिक सुविधा प्राप्त गर्न सक्नेछ ।<br>(7) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार र | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
| --- | --- | --- | --- |
| | बमोजिम सेवा अवधि पूरा गरेका एक श्रेणी मुनिका स्थायी विषयगत शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।<br>(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी शिक्षकले समान पदमा प्रतिस्पर्धा गर्न पाउने छैन।<br>(१२) शिक्षक सेवाको पदपूर्ति र वढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | बाह्रमा अध्यापन गरिरहेका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटाका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि आयोगबाट पहिलो पटक लिइने माध्यमिक तहको तृतीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन।<br>(8) उपदफा (7) बमोजिमका शिक्षकले उपदफा (४) बमोजिमको प्रतिस्पर्धामा भाग लिई उतीर्ण भएमा निजको तलबमान कायम गर्दा निजले खाईपाई आएको भन्दा कम नहुनेगरी गर्नु पर्नेछ ।<br>(9) यो ऐन प्रारम्भ हुँदाका बखत यस ऐनमा तोकिए बमोजिमको पदका लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तीमा तीन शैक्षिक सत्र अविच्छिन्न रूपमा सेवा गरेका बाल सहजकर्तालाई उपदफा (४) बमोजिमको खुला प्रतियोगिताबाट पूर्ति हुने पदको विज्ञापनमा एक पटकको लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।<br>(१0) उपदफा (१) को खण्ड (क) बमोजिम आन्तरिक प्रतियोगिताबाट पूर्ति हुने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र कम्तिमा एक श्रेणी मुनिको पदमा पाँच बर्ष अध्यापन गरेको स्थायी शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछन् । | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
| --- | --- | --- | --- |
| | | (११) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको र पाँच बर्ष स्थायी सेवा अवधि पुगेको आधारभूत तहमा कार्यरत शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ।<br>(१२) उपदफा (१) को खण्ड (ख) बमोजिम माध्यमिक तहको द्वितीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र आधारभूत तहको प्रथम श्रेणी वा पाँच बर्ष सेवा अवधि पूरा गरेको आधारभूत तहको द्वितीय श्रेणीको स्थायी शिक्षक र माध्यमिक तह तृतीय श्रेणीको पदमा कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधधि पूरा गरेको शिक्षकले प्रतिस्पर्धा गर्न सक्नेछ ।<br>(१३) उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति गरिने पदमा सो पदको लागि तोकिएको न्यूनतम योग्यता भएको र पाँच वर्ष सेवा अवधि पूरा गरेका एक श्रेणी मुनिका विषयगत स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन्।<br>(१४) विद्यालय शिक्षक सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| २३. | **दफा ५९ मा,**<br>**शिक्षकले पाउने बिदा:** (१) शिक्षकले देहायका बिदाहरू तोकिए बमोजिम लिन पाउनेछन्:-<br>(क) भैपरी आउने र पर्व बिदा,<br>(ख) बिरामी बिदा,<br>(ग) प्रसुति बिदा,<br>(घ) प्रसुति स्याहार बिदा,<br>(ङ) किरिया बिदा,<br>(च) अध्ययन बिदा, र<br>(छ) असाधारण बिदा । | | **शिक्षकले पाउने विदा** को सूचीमा **वेतलवी विदा** थप गर्ने। |
| २४. | **दफा ६० मा,-**<br>**शिक्षकको सरुवाः** (१) स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्नेछ। त्यसरी सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्नेछ।<br>(२) एक स्थानीय तहको सार्वजनिक विद्यालयबाट अर्को स्थानीय तहको सार्वजनिक विद्यालयको रिक्त शिक्षक पदमा सरुवाको लागि कुनै स्थायी शिक्षकले निवेदन दिएमा र रिक्त पद तथा विषयसमेत मिल्ने भएमा कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले त्यस्तो शिक्षकको सरुवा गर्न सक्नेछ।<br>(3) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरुवा भई आउने विद्यालयको त्यस्तो रिक्त पदमा पदपूर्तिको लागि विज्ञापन भएको वा पदपूर्तिका लागि माग गरी पठाएको भएमा सो पदमा सरुवा गर्न सकिने छैन। | **दफा ४७ मा,-**<br>(१) उपदफा (१) मा रहेका "शिक्षक सरुवा" भन्ने शब्दको सट्टा "दुई बर्ष सेवा गरेका शिक्षकलाई सरुवा" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेको "साधारण" भन्ने शब्दको सट्टा "कक्षागत" भन्ने शब्द राख्ने ।<br>(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः-<br>"(२) उपदफा (१) वमोजिम सरुवा गर्दा स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय कानूनमा व्यवस्था भए वमोजिम पारदर्शी र अनुमानयोग्य हुनेगरी सरुवा गर्नुपर्नेछ ।"<br>(३) उपदफा (२) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (३) मा रहेको "कार्यरत रहेको स्थानीय तहको | समितिको प्रतिवेदनको:-<br>(१) उपदफा (३) मा भएका **प्रदेश भित्र सम्बन्धित प्रदेश सरकारको शिक्षा हेर्ने निकायले र अन्तर प्रदेश सरुवाको हकमा सरुवा भई आउने प्रदेश सरकारको शिक्षा हेर्ने निकायले** भन्ने शब्दहरुको सट्टा **सरुवा भई आउने स्थानीय तहले** |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (४) अपाङ्गता भएको शिक्षकको सरुवा गर्दा सम्भव भएसम्म निजलाई पायक पर्ने स्थानमा गर्नु पर्नेछ।<br>(5) यस दफा बमोजिम एक स्थानीय तहको सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को स्थानीय तहको सार्वजनिक विद्यालयमा सरुवा गर्दा नियुक्ति भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन।<br>(६) यस दफा बमोजिम सरुवा भएका शिक्षकको राष्ट्रिय कितावखाना (शिक्षक) मा त्यस्तो सरुवाको विवरण विद्युतीय माध्यमबाट अद्यावधिक गरी सकेपछि मात्र रमाना दिनु पर्नेछ। | सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले" भन्ने शब्दहरुको सट्टा "सरुवा भई आउने र जाने दुवै स्थानीय तहको सहमतिमा प्रदेशभित्र सम्बन्धित प्रदेश सरकारको शिक्षा हेर्ने निकायले र अन्तर प्रदेश सरुवाको हकमा सरुवा भई आउने प्रदेश सरकारको शिक्षा हेर्ने निकायले" भन्ने शब्दहरु राख्ने।<br>(४) उपदफा (५) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नेः<br>"(६) यस दफा बमोजिम एउटै प्रदेशभित्रको एक स्थानीय तहको सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकलाई अर्को स्थानीय तहको सार्वजनिक विद्यालयमा सरुवा गर्दा नियुक्ति भएको मितिले कम्तीमा पाँच वर्ष र फरक फरक प्रदेशका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकको हकमा नियुक्ति भएको मितिले कम्तीमा सात वर्ष पूरा नभएसम्म सरुवा गर्न पाइने छैन।<br>"तर कुनै शिक्षकलाई कडा रोग लागी निजको नियमित उपचार गर्नु पर्ने भनी स्थानीय तहको सिफारिस र जिल्ला वा प्रदेश अस्पतालको अनुमतिप्राप्त चिकित्सकले प्रमाणित गरी सिफारिस गरेमा त्यस्तो शिक्षकलाई नेपाल सरकार वा प्रदेश | भन्ने शब्दहरु राख्ने ।<br>(२) उपदफा (४) मा रहेको **एउटै प्रदेश भित्रको** भन्ने शब्दहरु झिक्ने तथा **पाँच बर्ष र फरक फरक प्रदेशका सार्वजनिक विद्यालयमा कार्रत शिक्षकको हकमा नियुक्ति भएको मितिले कम्तीमा सात बर्ष पुरा नभए** भन्ने शब्दहरुको सट्टा **दुई बर्ष** भन्ने शब्दहरु राख्ने ।<br>(३) उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको **कडा रोग लागि** भन्ने शब्द पछि **निज वा निजको श्रीमान् वा श्रीमती** |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
| --- | --- | --- | --- |
| | | सरकारले सो अवधि पूरा नभए तापनि रिक्त दरवन्दीमा सरुवा गर्न सक्नेछ।"<br>(५) उपदफा (५) पछि देहायको उपदफा (६) राखी उपदफाक्रम मिलाउनेः-<br>"(६) यस दफा बमोजिम शिक्षकको सरुवा दरवन्दी नभएको विद्यालयमा र शैक्षिक शत्रको बीचमा गर्न पाइने छैन।"<br>(६) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेको "(शिक्षक)" भन्ने शब्द झिकी सोही उपदफामा रहेको "पर्नेछ" भन्ने शब्दपछि "र सोको जानकारी प्रदेश सरकारको शिक्षा हेर्ने निकायलाई समेत दिनुपर्नेछ।" | **वा बाबुआमा वा छोराछोरी** भन्ने शब्दहरु थप गर्ने तथा **नेपाल सरकार वा प्रदेश सरकारले सो अवधि पुरा नभए तापनि** भन्ने शब्दहरुको सट्टा **सम्बन्धित स्थानीय तहले सो अवधि पुरा नभएको वा दरबन्दी रिक्त नभएको अवस्थामा तीन महिना सम्म काज सरुवा गर्न सक्नेछ** भन्ने शब्दहरु राख्ने । |
| २५. | **दफा ६१ मा,-**<br>६१. **शिक्षकको बढुवाः** (१) शिक्षकको बढुवा देहायको आधारमा गरिनेछः-<br>(क) आन्तरिक प्रतियोगिता,<br>(ख) कार्यक्षमताको मूल्याङ्कन,<br>(ग) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन। | **दफा ४८ मा,-**<br>६३. **शिक्षकको बढुवा** : (१) शिक्षकको बढुवा देहायको आधारमा गरिनेछः-<br>(क) आन्तरिक प्रतियोगिता<br>(ख) आवधिक बढुवा | उपसमितिको प्रतिवेदनको कायम भएको दफा ६३ को उपदफा (१) को खण्ड (ख) मा भएको |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (२) उपदफा (१) बमोजिम वढुवा गर्दा आधारभूत तहको साधारण तर्फ जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तह तर्फ प्रदेशगत आधारमा बढुवा गरिनेछ।<br>(३) कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाको आधार र त्यसको अङ्क भार देहाय बमोजिम हुनेछः-<br>(क) ज्येष्ठता बापत - तीस अङ्क,<br>(ख) कार्यसम्पादन (विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन) बापत - चालीस अङ्क,<br>(ग) शैक्षिक योग्यता बापत - बीस अङ्क,<br>(घ) तालीम बापत - दश अङ्क।<br>(४) कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवा गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई बढुवा गरिनेछ।<br>(५) एक भन्दा बढी उम्मेदवारहरु बीच अङ्क बराबर भएमा ज्येष्ठताको आधारमा बढुवा गरिनेछ र ज्येष्ठताको निर्धारण दफा ६८ को उपदफा (२) बमोजिम गरिनेछ।<br>(६) सार्वजनिक विद्यालय शिक्षकको बढुवाका लागि तालीमको अङ्क गणना गर्दा बढुवा हुने श्रेणीको पद भन्दा एक तह मुनिको श्रेणीको पदमा लिएको तालीमको मात्र गणना गरिनेछ।<br>(७) ज्येष्ठता, शैक्षिक योग्यता तथा तालीम वापतको अङ्क प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | (२) उपदफा (१) को खण्ड (ख) बमोजिम पदपूर्ति गर्दा तृतीय श्रेणीको पदमा बाह्र बर्ष र द्वितीय श्रेणीको पदमा पन्ध्र बर्ष सेवा अवधि पूरा गरेको शिक्षकलाई बढुवा गरिनेछ।<br>(३) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने श्रेणी तथा तहको लागि तोकिए बमोजिमको विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिक्षकको हकमा निज सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।<br>(५) उपदफा (१) बमोजिम बढुवा गर्दा आधारभूत तहको कक्षागत तर्फको जिल्लागत आधारमा र आधारभूत तहको विषयगत तथा माध्यमिक तहतर्फ प्रदेशगत आधारमा बढुवा गरिनेछ ।<br>(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभर शिक्षकलाई आवधिक बढुवा गरिने छैन:-<br>(क) पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेमा, | **आवधिक बढुवा** भन्ने शब्दहरुको सट्टा **जेष्ठता तथा कार्यसम्पादन** भन्ने शब्दहरु राख्ने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
| --- | --- | --- | --- |
| | | (ख) सम्बन्धित श्रेणीमा एक महिनाको सेवाकालिन तालिम प्राप्त गरेको नभएमा,<br>(ग) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,<br>(घ) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,<br>(ङ) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर,<br>(च) नसिहत पाएकोमा नसिहत पाएको बर्ष ।<br>(७) बढुवा समितिले उपदफा (१) को खण्ड (ख) बमोजिम हुने आवधिक बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा योग्यताक्रम कायम गरी सिफारिस गर्नुपर्नेछः-<br>(क) हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,<br>(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीभन्दा तल्लो तह वा श्रेणीको पदमा आयोगले सिफारिस गरेको मिति वा बढुवा समितिले सिफारिस गरेको मिति,<br>(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको तह वा श्रेणीको पदमा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रम, | |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता नछुट्टिएमा माथिल्लो शैक्षिक योग्यताको आधारमा, सोबाट पनि नछुट्टिएमा उक्त शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत,<br>(ङ) खण्ड (घ) बमोजिम जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधार,<br>(च) खण्ड (ङ) बमोजिम समेत जेष्ठता नछुट्टिएमा आयोगले निर्धारण गरेको आधार।" | |
| २६. | **दफा ६६ मा,-**<br>**कार्यसम्पादनको मूल्याङ्कन**: (१) शिक्षकको वार्षिक रुपमा कार्यसम्पादनको मूल्याङ्कन हुनेछ।<br>(२) शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-<br>(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम पच्चीस अङ्क,<br>(ख) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम दश अङ्क,<br>(ग) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम पाँच अङ्क।<br>(३) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी, कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क दिने आधार, कार्यसम्पादन मूल्याङ्कन फाराम भरी बुझाउने समयावधि तथा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | **दफा ५१ मा,-**<br>६६. **कार्यसम्पादनको मूल्याङ्कन**: (१) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ।<br>(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा कूल एक सय पूर्णाङ्क कायम गरिनेछ र सो अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-<br>(क) शिक्षकले वार्षिक रुपमा गरेको कार्यको स्व-मूल्याङ्कन वापत पाउने अधिकतम अङ्क - साठी<br>(ख) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क- पच्चीस<br>(ग) पुनरावलोकनकर्ताले दिनसक्ने अधिकतम अङ्क - दश<br>(घ) पुनरावलोकन समितिले दिनसक्ने अधिकतम अङ्क - पाँच | उपसमितिको प्रतिवेदनमा कायम भएको दफा ६६ को,-<br>-उपदफा (२) को खण्ड (क) हटाउने ।<br>- उपदफा (२) को खण्ड (ख), (ग) र (घ) मा रहेका पच्चीस, दश र पाँच भन्ने शब्दहरुको सट्टा क्रमशः साठी, तीस र दश राख्ने।<br>-उपदफा (३) र (४) हटाउने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (३) उपदफा (२) को खण्ड (क) बमोजिम स्व-मूल्याङ्कनबाट पाउने अङ्कलाई देहायका आधारमा सम्बन्धित शिक्षकको रोहवरमा सुपरिवेक्षकबाट यकीन गराई सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृतले प्रमाणित गरी विद्युतीय माध्यममा समेत राख्न लगाउनेछः-<br>(क) आफूले अध्यापन गराउने पाठ्यक्रममा आधारित भएर तयार गरेको वार्षिक शैक्षिक योजना,<br>(ख) दैनिक पाठयोजना र त्यसको कार्यान्वयन,<br>(ग) शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निर्माण र सूचना प्रविधिको प्रयोग,<br>(घ) विद्यार्थीको निरन्तर तथा सुधारात्मक मूल्याङ्कन तथा सोको विवरण,<br>(ङ) विद्यालयमा लिएको विशेष जिम्मेवारी,<br>(च) वार्षिक रूपमा गरेको नवप्रवर्तनात्मक कार्य,<br>(छ) शिक्षण सिकाइ सुधारको लागि गरेको कार्यमूलक अनुसन्धान,<br>(ज) निजले अध्यापन गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि र<br>(झ) तोकिए बमोजिमको अन्य आधार ।<br>(४) उपदफा (२) को खण्ड (ख) (ग) र (घ) बमोजिम गरिने मूल्याङ्कन देहायका आधारमा गरिनेछः- | - उपदफा (५) को सट्टा विधेयकको दफा ६६ को उपदफा (३) राख्ने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (क) शिक्षकमा भएको विषयवस्तुको ज्ञान,<br>(ख) बालमनोविज्ञानको ज्ञान तथा बालमैत्री व्यवहार गर्ने सीप,<br>(ग) पेशाप्रतिको निष्ठा, इमान्दारिता, लगनशीलता र आचार संहिताको पालना,<br>(घ) शैक्षिक गुणस्तर प्रतिको जिम्मेवारी र जवाफदेहिता,<br>(ङ) शिक्षण विधिको छनौट, शिक्षण सामग्रीको विकास र प्रयोग गर्ने क्षमता,<br>(च) विद्यार्थीको सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन गर्ने क्षमता,<br>(छ) अभिभावकसँग सम्पर्क र अन्तर्क्रिया गरी पृष्ठपोषण लिने र गुनासो व्यवस्थापन गर्ने क्षमता ।<br>(५) शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्दा उपदफा (३) र (४) बमोजिमका आधारको अङ्कभार र मूल्याङ्कन बापत अङ्क दिने आधार, कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा, सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिमा रहने पदाधिकारी तथा कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।” | |
| २७. | **दफा ८९ मा,-** | | (१) उपदफा (२) ले दफा ८५ को खण्ड |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | **<u>विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रियाः</u>** (१) शिक्षकलाई विभागीय सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-<br>(क) दफा ८6 बमोजिमको नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति,<br>(ख) दफा ८7 बमोजिम बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत,<br>(ग) दफा 88 बमोजिम शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न दफा ४८ बमोजिमको नियुक्त गर्ने अधिकारी।<br>(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय दिने अधिकारीले शिक्षकलाई सजाय दिनु अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।<br>(४) उपदफा (२) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित शिक्षकले सो म्यादभित्र उपदफा (३) बमोजिमको आरोपको तथ्य र प्रमाणको आधारमा आफ्नो सफाइ पेस गर्नु पर्नेछ।<br>(५) सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाइ सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ प्राप्त नभई त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको सजाय प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ। | | (क) को उपखण्ड (१) मा रहेको **नसिहत दिने** व्यवस्थालाई शिक्षक सेवा आयोगको अधिकार क्षेत्र बाहिर राखेको विषय विभागीय कारवाहीको सैद्धान्तिक मान्यतासँग मेल नखाएकोले दफा ८९ को उपदफा (२) मा भएका **को खण्ड (ख) र (ग)** भन्ने शब्दहरु झिक्ने ।<br>(२) दफा (५) को **सजाय प्रस्ताव गरी** भन्ने |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | (६) यस ऐन बमोजिम विशेष सजाय गर्नु पर्ने भएमा उपदफा (५) बमोजिम आयोगको परामर्श लिनु अघि उपदफा (२) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित शिक्षकले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।<br>(७) उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्नेछ। | | शब्दहरुको पछि **सजाय प्रस्ताव तथा शिक्षा कार्यालयको राय समेत समावेश गरी** भन्ने शब्दहरु राख्ने । |
| २८. | <u>**दफा १०८ मा,-**</u><br><u>**विद्यालय कर्मचारी रहने**</u>ः (१) सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहनेछ।<br>(२) आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्नेछ।<br>(३) विद्यालय कर्मचारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ। | <u>**दफा ७६ मा,**</u><br>उपदफा (३) पछि देहायको उपदफा (४) थप्नेः<br>"(४) उपदफा (३) बमोजिम विद्यालय कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बनाउँदा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक सुनिश्चित हुनेगरी बनाउनु पर्नेछ ।" | (१) विधेयकको उपदफा (२) हटाउने ।<br>(२) उपसमितिको प्रतिवेदनको दफा ७६ बमोजिमको उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-<br>(४) उपदफा (३) बमोजिम विद्यालय कर्मचारीको पारिश्रमिक श्रमसम्बन्धी प्रचलित |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | संघीय कानून बमोजिम हुने गरी गर्नुपर्नेछ । |
| २९. | **<u>दफा १०९ मा,</u>**<br>(४) उपदफा (3) बमोजिम सेवाबाट अलग हुन नचाहेमा निजहरुलाई स्थायी गर्ने प्रयोजनको लागि आयोगले एक पटकको लागि परीक्षा सञ्चालन गर्नेछ र त्यस्तो परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ। | | स्थानीय तहको कानून बमोजिम प्रबन्ध हुने भएकोले यो उपदफा हटाउने । |
| ३०. | **<u>दफा १४६ मा,-</u>**<br>**<u>अध्यापन अनुमतिपत्र प्राप्त नगरी अध्यापन गर्न नहुनेः</u> (१)** आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन पाउने छैन।<br>(२) अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | (१) उपदफा (१) पछि देहायका उपदफा (२), (३) र (४) थपी उपदफाक्रम मिलाउनेः-<br>“(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले सञ्चालन गर्ने परीक्षामा दफा ५२ को उपदफा (१) को खण्ड (ख) बमोजिम योग्यता पुगेका व्यक्ति उम्मेदवार हुन योग्य हुनेछन् ।<br>(३) यस दफा बमोजिम अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारले उच्च शिक्षामा शिक्षाशास्त्र संकाय वाहेकका अन्य विषय लिई उत्तीर्ण गरेको भए त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले अध्यापन प्रारम्भ गर्नुभन्दा अघि शिक्षण विधि सम्बन्धी कम्तीमा एक महिनाको तालिम लिनुपर्नेछ । त्यस्तो तालिमको प्रबन्ध प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानले मिलाउनेछ। | विधेयकको यो दफा खारेज गर्ने। |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | (४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिमको परम्परागत धारमा अध्यापन हुने विद्यायलयमा अनिवार्य वाहेकका विषयमा अनुमतिपत्र नभएका शिक्षकलाई अध्यापन गर्न बाधा पर्नेछैन ।“ | |
| ३१. | | दफा ९६ मा,<br>**१५१. <u>तालिम सम्बन्धी व्यवस्थाः</u>** (१) शिक्षकको शिक्षण सीप र क्षमता वृद्धि गर्न, शिक्षण पेसाप्रति नवीनतम् सोचको विकास गर्न र शिक्षण पेशामा नवप्रवर्तनलाई आत्मसाथ गर्न सेवा प्रवेश तालिम अनिवार्य र सेवाकालीन तालिम आवश्यकतानुसार दिने व्यवस्था प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानले मिलाउनेछ ।<br>(२) सेवा प्रवेश तालिम र सेवाकालीन तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | उपदफा (१) मा रहेका **प्रदेश सरकारको शिक्षक प्रशिक्षण प्रतिष्ठानले मिलाउनेछ** भन्ने शब्दहरुको सट्टा **गर्नुपर्नेछ** भन्ने शब्द राख्ने । |
| | | **१५२.** सामाजिक **<u>सुरक्षा कोषमा आवद्ध गर्नेः</u>** यस ऐन बमोजिम नियुक्ति हुने अस्थायी शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सक्नेछ । | प्रस्तावित विधेयकले अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारी रहने प्रबन्ध नगरेको सन्दर्भमा दफा १५२ खारेज गर्ने । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | **१५५. <u>विद्यालय व्यवस्थापन संघः</u>** (१) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा विद्यार्थीको हक हितको लागि कार्य गर्न गैरराजनीतिक तथा गैरनाफामूलक प्रकृतिको विद्यालय व्यवस्थापन समितिका सदस्यहरुबाट प्रतिनिधित्व हुनेगरी एक विद्यालय व्यवस्थापन संघ रहनेछ।<br>(३) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन संघले नेपाल सरकार वा अन्य कुनै पनि सरकारी निकाय वा विद्यालयलाई आर्थिक दायित्व पर्नेगरी कुनै कार्य गर्न पाउनेछैन।<br>(४) विद्यालय व्यवस्थापन संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | विद्यालय व्यवस्थापन संघको औचित्य र आवश्यकता नभएकोले हटाउने । |
| | | **<u>स्वयंसेवक शिक्षकः</u>** (१) प्रधानाध्यापकले विद्यालयको आवश्यकता र औचित्यताको आधारमा विद्यालय व्यवस्थापन समितिसँग समन्वय गरी स्वयंसेवक शिक्षकको सेवा लिन सम्बन्धित स्थानीय तहसँग अनुरोध गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम स्वयंसेवक शिक्षक परिचालनको लागि अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहले स्थानीय कानून बमोजिम आवश्यक प्रबन्ध गर्न सक्नेछ ।” | स्वयंसेवक शिक्षकको उपादेयता स्थानीय सरकारले आफ्नो कार्यकारी अधिकार क्षेत्रबाट नै निर्णय गर्न सक्ने भएको ऐनमा राख्नु औचित्यपूर्ण नदेखिएको । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | | |
| ३२. | | **<u>दफा १०० मा,</u>**<br>(५) नेपाल शिक्षक महासंघ र यस ऐन बमोजिमको विद्यालय व्यवस्थापन संघको सदस्य भएकै कारणले त्यस्तो सदस्यले काज वा थप सेवा सुविधा प्राप्त गर्न र आफ्नो जिम्मेवारीबाट कुनै किसिमको छुट पाउने छैन ।" | **काज वा** भन्ने शब्दहरु झिक्ने |
| ३३. | | **<u>दफा १०८ मा,</u>**<br>उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनेः-<br>"(३) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका शिक्षा विकास तथा समन्वय एकाइ तथा सोको चल अचल सम्पति, अभिलेख र दायित्व प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयमा हस्तान्तरण हुनेछ ।"<br>(२) उपदफा (३) वमोजिम हस्तान्तरण भई आएको शिक्षा विकास तथा समन्वय एकाइ तथा सोको चल अचल सम्पति, अभिलेख र दायित्वको | शिक्षा कार्यालयको व्यवस्था भएकोले यो प्रबन्ध आवश्यक नरहेको । |

| सि.नं. | विधेयकको व्यवस्था | उपसमितिको प्रतिवेदन | मन्त्रालयको धारणा |
|---|---|---|---|
| | | प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयले आवश्यक व्यवस्थापन गरी अभिलेख सुरक्षित राख्ने र सेवाको प्रबन्ध मिलाउनेछ ।<br>(३) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट सम्पादन गर्नुपर्ने विद्यालय शिक्षा सम्बन्धी कार्य प्रदेशको शिक्षा हेर्ने निकायले मन्त्रालयसँग समन्वय गरी सम्पादन गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।" | |